# शिक्षकहरूको दृष्टिमा पाठ्यांशमा आधारित शिक्षण अभ्यास कार्यक्रम

*दिनेश घिमिरे, पिएच डी*
*उप-प्राध्यापक*
*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर*
*dinesghimire1@gmail.com*

**लेखसार**

*प्रस्तुत लेख 'पाठ्यांशमा आधारित शिक्षण अभ्यास' कार्यक्रमको प्रभावकारिता सम्बन्धमा नेपाली विषयका शिक्षक (प्राध्यापक) हरूको दृष्टिकोण पत्ता लगाउने उद्देश्यले तयार पारिएको हो । यसमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत वर्णनात्मक विधि अपनाएर सामुदायिक क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा प्राध्यापन गर्ने तथा बाह्य परीक्षकमा सूचीकृत ३५ जना शिक्षकबाट खुला प्रश्नावलीका माध्यमबाट सङ्कलित तथ्यहरूको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । विगतको विद्यालय कक्षा शिक्षणमा आधारित शिक्षण अभ्यास पाठ्यांशहरूभन्दा सहपाठी शिक्षणमा आधारित यो पाठ्यांश तुलनात्मक रूपमा निकै व्यावहारिक र प्रभावकारी रहेको प्रतिक्रिया यस अध्ययनमा संलग्न शिक्षकहरूबाट प्राप्त भएको छ । विगतमा शिक्षण अभ्यास कार्यक्रमको कार्यान्वयन पक्ष फितलो हुँदा यो प्रभावकारी बन्न नसकेको तिक्त अनुभव सँगालेका शिक्षकहरू यस पाठ्यांशप्रति निकै आशावादी देखिन्छन् । सहपाठी शिक्षणमा आधारित यस पाठ्यांशमा छात्रशिक्षकको अझ बढी सक्रियता र सहभागिताको अपेक्षा गरिएको हुँदा यसको कार्यान्वयन पक्ष पनि चुनौतीपूर्ण नै हुन सक्ने उनीहरूको तर्क छ । यसको कार्यान्वयनमा अपेक्षित मात्रामा तदारुकता अवलम्बन गर्न सकियो भने शिक्षणका अतिरिक्त यस पाठ्यांशमा समावेश गरिएका विभिन्न शैक्षिक योजनाहरूको निर्माण र प्रभावकारी उपयोगबाट दक्ष शिक्षकका साथै कुशल प्रशासक बन्नसमेत सहयोग पुग्ने उनीहरूको ठम्याइ छ । त्यसबाहेक पाठ्यांशमा समाविष्ट कार्यमूलक अनुसन्धानबाट सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल हुने भएकाले उत्पादित जनशक्तिले कक्षाकोठाका सिकाइ समस्याहरू पहिचान गरी तिनको समाधानबाट शिक्षण प्रभावकारी बनाउन सक्षम हुने अपेक्षा शिक्षकहरूले राखेका छन् । समग्रमा; यस अध्ययनबाट कार्यरत तथा बाह्य परीक्षकमा सूचीकृत शिक्षकहरूको दृष्टिकोणका आधारमा प्रस्तुत पाठ्यांशको कार्यान्वयन*

*पक्षलाई सबल पार्न सक्दा विगतको पाठ्यांशका तुलनामा यो पाठ्यांश सबल एवम् प्रभावकारी रहेको निष्कर्षमा पुगिएको छ ।*

**शब्दकुन्जी :** पाठ्यांश आधारित, छात्रशिक्षक, कक्षा शिक्षण, सहपाठी शिक्षण, शैक्षणिक योजना ।

## विषय प्रवेश

यो लेख त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत सञ्चालित सेमेस्टर प्रणालीको स्नातकोत्तर तह, नेपाली शिक्षा विषयको 'पाठ्यांशमा आधारित (course based) शिक्षण अभ्यास' सम्बन्धी पाठ्यांश (नेपाशि. ५४२) मा केन्द्रित रहेर तयार पारिएको हो । यो पाठ्यांश विगतका शिक्षण अभ्याससम्बन्धी पाठ्यांशभन्दा फरक र उक्त तहमा अध्यापन गराइने अन्य विषयका पाठ्यांशहरू शिक्षण गरिए झैँ निश्चित पाठ्यघण्टा निर्धारण गरेर नियमित शिक्षण अभ्यास गर्ने, गराउने उद्देश्य राखेर तयार पारिएको पाठ्यांश हो । शिक्षण सिकाइको व्यावहारिक पक्षको सिकाइमा जोड दिने हुनाले शिक्षण अभ्याससम्बन्धी पाठ्यांशहरू शिक्षाशास्त्रीय अध्ययनका मेरुदण्ड नै मानिन्छन् । यस्ता पाठ्यांशहरूले छात्रशिक्षकले हासिल गरेको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक सिपसँग जोड्ने सेतुको काम गर्दछन् । त्यस्तै, छात्रशिक्षकले आत्मानुभव र आत्ममूल्याङ्कन गर्ने अवसर समेत प्राप्त गर्दछ । तत्काल पृष्ठपोषण प्राप्त हुने भएकाले यसले उनीहरूमा आफ्नो शिक्षण सिकाइको तरिकालाई परिष्कार र परिष्कृत गर्दै अघि बढेर भविष्यमा अब्बल शिक्षकका रूपमा स्थापित हुने अवसर प्राप्त हुन्छ भन्ने विश्वास सम्बन्धित निकायको रहेको छ ।

यस लेखमा अध्यापन अभ्यास कार्यक्रमका विविध आयामबारे चर्चा गरिएको छ । यो खासगरी शिक्षण अभ्याससम्बन्धी पुरानो पाठ्यांशको अनुभव बटुलिसकेका र प्रस्तुत पाठ्यांश कार्यान्वयनमा पनि महत्त्वपूर्ण भूमिका भएका बाह्य परीक्षकमा सूचीकृत शिक्षकहरूको अभिमतमा आधारित छ । यस लेखमा अध्यापन अभ्यास पाठ्यांशबारे शिक्षकहरूको अनुभव, यो पाठ्यांशप्रतिको दृष्टिकोण, त्रि.वि शिक्षाशास्त्र डीनको कार्यालयद्वारा सञ्चालित शिक्षण अभ्यास कार्यक्रमका सम्भावित चुनौतीहरू तथा तिनको समाधानका उपायहरू, यस पाठ्यांशबारे शिक्षकहरूका अपेक्षाहरू, विभिन्न शैक्षणिक योजना निर्माण र तिनको उपयोग प्रश्न निर्माण, प्रयोग र तिनको विश्लेषणका साथै

कार्यमूलक अनुसन्धानजस्ता पक्षलाई अध्ययनीय समस्या मानी यिनका बारेमा प्राध्यापकहरूको दृष्टिकोण पहिल्याउने प्रयास भएको छ ।

## सम्बद्ध साहित्यको पुनरावलोकन

शिक्षण अभ्याससँग सम्बन्धित पुस्तक तथा अन्य सामग्रीहरूलाई यस लेखमा पूर्वकार्यका रूपमा लिएर तिनको संक्षिप्त चर्चा गरिएको छ । यस सम्बन्धमा भण्डारी (२०५३) मा शिक्षण अभ्यासको परिचय, अध्यापन योजनाहरूको परिचय र आवश्यकताका साथै पाठ योजनाका तत्त्वहरूको वर्णन गरिएको छ । त्यस्तै, Fry, Ketteridge & Marshall (2009) मा विद्यालयका विभिन्न तहमा आधारित रहेर शिक्षण अभ्यासका तरिकाहरू, लघु तथा बृहत् कक्षा शिक्षण, विद्यार्थी सहभागिता र शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन, पृष्ठपोषण आदिका बारेमा विस्तृत वर्णन गरिएको छ । यस पुस्तकमा विभिन्न देशका शिक्षण अभ्याससम्बन्धी प्रचलनका बारेमा समेत चर्चा गर्नुका साथै शिक्षण अभ्यासको गुणस्तरीयता र स्तरवृद्धिका बारेमा समेत उल्लेख गरिएको छ । Cohen, Manion, Morrison & Wyse (2010) मा शिक्षण अभ्यासका विविध पक्षका साथै यस क्रममा निर्माण गरिने योजनाहरू, शिक्षण सिकाइ कार्यकलाप, सहपाठी कक्षा अवलोकन हुँदै प्रश्न निर्माण र प्रतिवेदन लेखनसम्बन्धी विषयवस्तुहरूको चर्चा गरिएको छ । त्यस्तै, Gower, Phillips & Walters (N.D.) मा शिक्षण अभ्यासको परिचय, शिक्षण योजना र प्रस्तुति, शैक्षिक सामग्री निर्माण र प्रयोग, पृष्ठपोषणबारे उल्लेख पाइन्छ । त्यस्तै, कक्षा व्यवस्थापन, छात्र शिक्षकले अपनाउनुपर्ने शिक्षण सिकाइ रणनीति, सुपरिवेक्षकको भूमिका आदिका बारेमा उल्लेख गरिएको छ । ढकाल (२०६८) मा अभ्यास शिक्षणको परिचय, यसको कार्यान्वयन प्रक्रिया, शैक्षणिक योजना, उद्देश्य, सामग्री, क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रियाको उदाहरणसहित चर्चा गरिएको छ । Richards & Farrell (2011) मा शिक्षण अभ्यासबाट छात्रशिक्षकको सिकाइ, उक्त सिकाइको प्रकृति, शिक्षणीय सन्दर्भ, शिक्षण योजना र कार्यान्वयन, प्रभावकारी कक्षा वातावरण, कक्षा अवलोकन, सिकारु केन्द्रित सिकाइ र अभ्यास शिक्षणको मूल्याङ्कन आदिका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा शिक्षण अभ्यासलाई लघु शिक्षण र कक्षा शिक्षण गरी दुई भागमा वर्गीकरण गरिएको छ । यी दुबै शिक्षणमा छात्रशिक्षकले सुपरिवेक्षक, सहयोगी शिक्षक आदिको सहकार्यबाट सिक्ने अवसर प्राप्त गर्ने उल्लेख गरिएको छ । त्यस्तै, छात्रशिक्षकमा पढाउँदै सिक्दै गर्ने अवसर प्राप्त हुने उल्लेख गर्दै शिक्षण अभ्यासमा शिक्षकको छोटो निर्देशन, योजना निर्माण, शिक्षण, समीक्षा, पुन:

शिक्षण जस्ता चरणहरू अपनाइने उल्लेख गरिएको छ । School of Education (2014) मा शिक्षण अभ्यासका आवश्यक चरण तथा तिनमा पालना गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । यसमा छात्रशिक्षकले विद्यालयमा गर्नुपर्ने कार्यहरू, सुपरिवेक्षकहरूसँगको व्यवहार अनि शिक्षण अभ्यासको मूल्याङ्कन प्रक्रियाका उल्लेख गरिएको छ । शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय (२०७५) मा चार बर्से स्नातक तहका लागि तयार पारेको निर्देशिकामा शिक्षण अभ्यास कार्यक्रम, यसको शैक्षिक तथा प्रशासनिक पक्ष, छात्रशिक्षक र सुपरिवेक्षकहरूको काम, कर्तव्य र अधिकार, योजना निर्माण आदिका साथै पाठयोजना र सहपाठी कक्षा अवलोकन फारामको नमुना उल्लेख गरिएको छ । यस लेखको सामग्री निर्माण र विश्लेषणमा उक्त निर्देशिकाको उपयोग गरिएको छ । त्यस्तै, Faculty of Education (2018-19) मा शिक्षण अभ्यासमा संलग्न संयोजक, सुपरिवेक्षक, छात्रशिक्षक आदिको अधिकार र उत्तरदायित्व उल्लेख गर्नुका साथै सहपाठी कक्षा अवलोकन गर्दा अपनाउनुपर्ने तरिकाहरूको वर्णन गरिएको छ ।

उल्लेख गरिएका सामग्रीहरूबाट शिक्षण अभ्यास कार्यक्रमको परिचय, कार्यक्रममा छात्रशिक्षक तथा परीक्षकहरूको भूमिका, शिक्षण अभ्यास सञ्चालन तथा मूल्याङ्कन प्रक्रिया आदिका बारेमा सैद्धान्तिक जानकारी प्राप्त भएकाले तिनलाई अध्ययनका लागि उपयोगी सामग्री मानिएको छ । साथै दक्ष शिक्षकका लागि आवश्यक पर्ने व्यावहारिक सिपसम्बद्ध शिक्षण अभ्यासबारे गरिने अध्ययन अनुसन्धानबाट कार्यक्रमका कमीकमजोरीहरू हटाई कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सकिन्छ । शिक्षण अभ्याससम्बन्धी खोज अनुसन्धानको अभाव रहेको वर्तमान सन्दर्भमा प्रस्तुत अध्ययनबाट केही मात्रामा भए पनि सहयोग पुग्ने महसुस गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत लेखका लागि शिक्षण अभ्यासमा बाह्य परीक्षकको रूपमा कार्यरत शिक्षकहरूबाट प्रश्नावलीमा आधारित तथ्यहरूको सङ्कलन गरिएको छ । प्राप्त तथ्यलाई वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको हुँदा यो अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यसमा नतिजालाई अझ स्पष्ट पार्नका लागि आवश्यकताअनुसार प्रतिशतमा समेत देखाइएको छ । बाह्य परीक्षकमा सूचीकृत शिक्षकहरूबाट भराइएको प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाहरू यस अध्ययनका प्राथमिक स्रोत रहेका छन् । अध्यापन अभ्याससम्बन्धी पुस्तक, लेखरचना आदि यसका द्वितीय स्रोत रहेका छन् । प्रश्नावलीबाट

प्राप्त सामग्रीहरूलाई पुस्तकालयीय अध्ययनबाट विभिन्न उपशीर्षक राखेर व्यववस्थित पारिएको छ । यसरी व्यवस्थित पारिएको सामग्रीलाई सिद्धान्तले निर्देश गरेका दृष्टिकोण, प्रयोग प्रचलन आदिलाई समेत आधार मानेर पुष्टि गर्दै निष्कर्षमा पुगिएको छ ।

तथ्यका प्राप्तिका लागि यसमा २०७६ जेठ ११-१६ सम्म त्रि.वि. शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय र काठमाडौँ शिक्षा बहुमुखी क्याम्पस सतुङ्गलको संयुक्त आयोजनामा सामुदायिक क्याम्पसका शिक्षकहरूका लागि आयोजित*अध्यापन अभ्यास बाह्य परीक्षण मूल्याङ्कन विशेषज्ञ सूचीकरण कार्यक्रम*मा सहभागी भएका बर्दिया, दाङ, सल्यान, नवलपरासी, रूपन्देही, पाल्पा, कास्की, धादिङ, नुवाकोट, काठमाडौँ, काभ्रेपलाञ्चोक, मकवानपुर, सोलुखुम्बु, सङ्खुवासभा, उदयपुर, खोटाङ, सिन्धुली, सुनसरी, धनुषा, बारा, रौतहट र चितवन गरी २२ जिल्लामा स्नातकोत्तर तहमा नेपाली विषय अध्यापनरत जम्मा ३५ जना शिक्षकहरूबाट खुला प्रश्नावलीका सहायताले पाठ्यांशबारे तथ्यहरू प्राप्त गरिएको छ । त्यसरी प्राप्त तथ्यलाई एकतृत गरी प्रश्नअनुसार विभिन्न उपशीर्षकहरूमा समूहीकृत गरेर तिनलाई विषयवस्तुअनुसार क्रमबद्ध पारेपछि व्याख्या विश्लेषणबाट निष्कर्षमा पुगिएको छ ।

## नतिजा विश्लेषण

यो लेखमा समेटिएका शिक्षण अभ्याससम्बद्ध विषयवस्तुमा विगतका पाठ्यांशका तुलनामा विश्लेष्य पाठ्यांशको भूमिका, दक्ष शिक्षक उत्पादन, चुनौतीहरू र तिनको समाधान, शैक्षणिक योजनाहरूको निर्माण र उपयोग, सहपाठी कक्षा अवलोकनबाट छात्रशिक्षकको कक्षा प्रभावकारिताह प्रश्न निर्माण, व्यवस्थापन र विश्लेषणबाट शिक्षण सिकाइको मापनमा आउने परिवर्तन, कार्यमूलक अनुसन्धानबाट कक्षा शिक्षणमा आउने सक्ने परिवर्तनहरू, शिक्षण अभ्यास कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने उपायहरूको पहिचान जस्ता रहेका छन् । यिनैलाई आधार मानेर बाह्य परीक्षकका दृष्टिकोणहरूको विश्लेषण गरी निचोडमा पुगिएको छ ।

## विगतका तुलनामा परिवर्तित पाठ्यांश

शिक्षाशास्त्र डीनको कार्यालयबाट लागु गरिएको पाठ्यांशमा आधारित शिक्षण अभ्याससम्बन्धी प्रस्तुत पाठ्यांशप्रति शिक्षकहरूको बुझाइ पहिल्याउन सोधिएको यस प्रश्नमा ९० प्रतिशत शिक्षकहरूको दृष्टिमा परिवर्तित पाठ्यांश सहपाठी कक्षा शिक्षणमा आधारित छ । उनीहरूले विगतका विद्यालय कक्षा शिक्षणमा आधारित परम्परामा यो

पाठ्यांश नवीन प्रयास भएको प्रतिक्रिया दिएका छन् । त्यस्तै, यसमा सैद्धान्तिक पाठ्यांशमा झैँ क्रेडिट आवर छुट्याएर सेमेस्टरभरि दैनिक कक्षा सञ्चालन हुने निर्देश गर्नु अनि शिक्षणको पर्याप्त अभ्याससहित पृष्ठपोपण र सुधारको पर्याप्त अपेक्षा गरिनुलाई उनीहरूले यस पाठ्यक्रमको अग्रगामी कदम ठानेका छन् । त्यस्तै, पाठ्यांशमा छात्रशिक्षक र सुपरिवेक्षक दुबैको बढी संलग्नता रहने, साथीहरूसँगको सहकार्यबाट सिकाइलाई प्रभावकारी बनाउँदै लान सकिने, छात्रशिक्षकले पर्याप्त पृष्ठपोषण पाउन सक्ने साथै मूल्याङ्कन कर्ताको वैयक्तिक प्रभावलाई कम गर्न सकिने जस्ता सबल पक्षहरू रहेकाले पहिलेको भन्दा यो पाठ्यांश प्रभावकारी हुने देखिन्छ भन्ने जस्ता तर्क प्रस्तुत गरेका छन् । बाँकी १० प्रतिशत शिक्षकहरूले पाठ्यांशले निर्धारित समय तालिकाअनुसार अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने भएकाले शिक्षक र क्याम्पसलाई भार पर्ने मत प्रकट गरेका छन् । विगतमा शिक्षण अभ्यास कार्यक्रम सञ्चालन गर्दा धेरै विद्यार्थी सङ्ख्या भएका क्याम्पसहरूबाट सहयोगी विद्यालयमा वास्तविक कक्षा शिक्षणका लागि छात्रशिक्षक खटाउन र व्यवस्थापन गर्न निकै समस्या पर्ने गरेकामा यस पाठ्यांशले सहपाठी शिक्षणमा जोड दिएको हुँदा शिक्षकहरूबाट यस पक्षमा समेत सहज हुने प्रतिक्रिया प्राप्त भएको छ ।

शिक्षकहरूले क्याम्पस शिक्षणमा आधारित अघिल्लो व्यवस्थाभन्दा सहपाठी शिक्षणमा केन्द्रित वर्तमान व्यवस्थाले प्रयोगात्मक र वास्तविक शिक्षणमा जोड दिएकाले बढी प्रभावकारी हुने ठहऱ्याएका छन् । प्राय: सबै शिक्षकहरूले विद्यालयहरूमा शिक्षणका लागि पठाउन समस्या परिरहेको अवस्थामा सहपाठी शिक्षणमा शिक्षण अभ्यासलाई आधारित गरिनु सकारात्मक भएको टिप्पणी गरेका छन् । त्यस्तै, पचास प्रतिशत शिक्षकहरूले पाठ्यांश उपयोगी र प्रभावकारी हुँदाहुँदै पनि विद्यार्थीले गर्नुपर्ने कामको भार बढाइएकाले कार्यक्रमप्रति नै नकारात्मक धारणा बन्न सक्छ कि भन्ने शङ्का पनि व्यक्त गरेका छन् । यसै सन्दर्भमा अरू ५० प्रतिशत शिक्षकले भने बढी महत्त्वाकाङ्क्षी कार्यक्रम भएकाले कार्यान्वयनपछि मात्र यसबारे धारणा बनाउनु उपयुक्त हुने प्रतिक्रिया दिएका छन् । त्यस्तै, पहिलो पटक कार्यान्वयन हुँदै गरेको कार्यक्रम भएकाले तुलना गर्ने समय भइनसकेको पनि शिक्षकहरूको मत छ । शिक्षकहरूबाट गाउँघरमा खुलेका, विद्यार्थी सङ्ख्या थोरै भएका अनि आर्थिक अवस्था कमजोर भएका निजी तथा सामुदायिक क्याम्पसहरूमा भने यो पाठ्यांशको कार्यान्वयन चुनौतीपूर्ण रहने प्रतिक्रिया प्राप्त भएको छ । शिक्षकहरूबाट प्राप्त उक्त प्रतिक्रियाका आधारमा हेर्दा पुरानो पाठ्यांशका तुलनामा

परिवर्तित पाठ्यांश सबल र प्रभावकारी देखिए पनि यसको कार्यान्वयन पक्ष भने चुनौतीपूर्ण रहेको महसुस हुन्छ ।

## कार्यक्रमको प्रभावकारिता

शिक्षण अभ्यासलाई अझ व्यवस्थित, मर्यादित र प्रभावकारी यस पाठ्यांशको कस्तो भूमिका रहने ठान्नुहुन्छ भन्ने प्रश्नको उत्तरमा ८० प्रतिशत शिक्षकहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । उनीहरूका दृष्टिकोणमा यस पाठ्यांशबाट विद्यार्थीहरूमा प्रयोगात्मक तथा व्यावहारिक दक्षता विकास गरी उनीहरूको पेसागत सक्षमता वृद्धि गर्न सहयोग पुग्ने देखिएको छ । त्यस्तै, क्याम्पस सुपरिवेक्षक, आन्तिरिक परीक्षक, विषय शिक्षक आदिको प्रत्यक्ष उपस्थितिमा अभ्यास शिक्षण गराइनुलाई शिक्षकहरूले यस पाठ्यांशको अर्को सबल पक्ष मानेका छन् । त्यस्तै, यसबाट निरन्तर अवलोकन र अनुगमन हुन गई पृष्ठपोषण समेत प्राप्त हुने भएकाले पनि विगतका तुलनामा यो पाठ्यांश प्रभावकारी हुने उनीहरू बताउँछन् ।

## शिक्षण दक्षता अभिवृद्धि

छात्रशिक्षकमा पेसँगत दक्षता अभिवृद्धि गरी दक्ष भाषा शिक्षक तयार पार्न पाठ्यांशको भूमिकाको र पाठ्यांशको प्रभावकारिता सम्बन्धमा लिइएको विचारका सन्दर्भमा ८० प्रतिशत शिक्षकहरूले यो पाठ्यांश बढीभन्दा बढी अभ्यासमुखी हुनाले प्रयोगात्मक दृष्टिले अत्यन्तै प्रभावकारी रहने प्रतिक्रिया दिएका छन् । शिक्षकहरूले योजना निर्माण, शिक्षण विधि तथा कार्यकलाप, शैक्षिक सामग्री निर्माण र प्रयोग, प्रश्न निर्माण तथा मूल्याङ्कन जस्ता पक्षहरूमा प्रस्तुत पाठ्यक्रम अग्रगामी रहेकाले सहभागी छात्रशिक्षकको शिक्षणीय दक्षता अभिवृद्धिमा यसले प्रभावकारी भूमिका खेल्ने धारणा व्यक्त गरेका छन् । यस आधारमा हेर्दा शिक्षकहरूले छात्रशिक्षकको प्रस्तुति शैली, आत्मविश्वास, शृङ्खलापूर्ण शिक्षण, विद्यार्थी सहभागिता आदिका सन्दर्भमा पनि यो पाठ्यांश प्रभावकारी बन्न सक्ने अपेक्षा गरेका छन् । त्यस्तै, यसले सिकारु र शिक्षण प्रविधिलाई जोड दिँदै विषयवस्तु र सञ्चार सिपका बिचमा सेतुको काम गर्न सक्ने हुनाले यसबाट छात्रशिक्षकको दक्षता अभिवृद्धि हुन जाने शिक्षक प्रतिक्रिया रहेको छ । यसरी शिक्षकहरूको प्रतिक्रियाका आधारमा पाठ्यांश प्रभावकारी रहने कुरामा विश्वस्त हुन सकिन्छ ।

## शैक्षणिक योजना निर्माण

शिक्षण अभ्यास पाठ्यांशअन्तर्गत विद्यार्थीले निर्माण गर्नुपर्ने वार्षिक तथा अन्य शैक्षणिक योजनाहरूको निर्माण गराउँदा छात्रशिक्षकमा आउने परिवर्तन सम्बन्धमा ८० प्रतिशत शिक्षकहरूले छात्रशिक्षकमा दक्ष एवम् योग्य शिक्षकमा हुनुपर्ने ज्ञान तथा सिप हासिल हुने अनि आवश्यकताअनुसार त्यस्ता योजनाहरूको निर्माण र प्रयोग गर्न सक्षम हुने प्रतिक्रिया दिएका छन् । शैक्षणिक योजनाहरू निर्माण गर्दा शिक्षकहरूमा व्यवस्थित र क्रियाकलापमा आधारित रहेर शिक्षण गर्ने कलाको विकास हुने उनीहरूको धारणा छ । शैक्षणिक योजना निर्माण गरी निश्चित उद्देश्यको परिधिमा रहेर शिक्षण सम्पन्न गरिने भएकाले पाठ्यांश योजनाबद्ध शिक्षण र दक्ष शिक्षक उत्पादनका लागि प्रभावकारी हुने कुरामा शिक्षकहरू विश्वस्त छन् । यस्ता योजनाहरूको निर्माणबाट छात्रशिक्षकलाई दैनिक कक्षा शिक्षणलाई अझ सिपमुखी, उद्देश्यपरक र प्रभावकारी बनाउन सहयोग प्राप्त हुने प्रतिक्रिया शिक्षकहरूको छ । यस पाठ्यांशबाट छात्रशिक्षकमा पेसँगत दक्षता अभिवृद्धि र शैक्षिक प्रशासकमा हुनुपर्ने गुणको विकास गरी कुशल प्रशासक बन्नसमेत सहयोग पुग्ने ठम्याइ उनीहरूको छ । त्यस्तै, विद्यार्थीहरूमा शैक्षिक सामग्री निर्माण र तिनको उचित प्रयोग गर्ने सिपको विकासमा पनि यस्ता योजनाहरूले सहयोग पुऱ्याउने प्रतिक्रिया शिक्षकहरूबाट प्राप्त भएको छ । यसरी वार्षिक तथा दैनिक शैक्षणिक योजनाहरूको निर्माण र तिनको सफल कार्यान्वयनका दृष्टिले यो पाठ्यांश सबल देखिन्छ, जुन कुरा शिक्षक प्रतिक्रियाबाट पनि पुष्टि भएको छ ।

यस पाठ्यांशबाट छात्रशिक्षकहरू दैनिक अध्यापन योजना निर्माण गरी तदनुसार शिक्षण गर्न सक्षम हुने, शैक्षिक सामग्री र विधि तथा कार्यकलाप छनोट/निर्माण र प्रयोगमा कौशलता हासिल गर्ने, विविधतापूर्ण शिक्षण कार्यकलाप अवलम्बनमा निरन्तर उत्प्रेरित हुने जस्ता अपेक्षा समेत शिक्षकहरूले राखेका छन् । त्यस्तै, अध्यापन योजनाका तत्त्वहरूका बिचको अन्तरसम्बन्ध बुझेर योजना बनाउन सक्दा यो प्रभावकारी हुने उनीहरूको दृष्टिकोण पाइन्छ । उनीहरूका भनाइलाई आधार मान्दा पाठ्यांश कार्यान्वयनसम्बन्धी सबै निर्देशनहरू पाठ्यक्रममा उल्लेख भएको अनि सेमेस्टरभरि त्यसैअनुरूप अभ्यास गराइने भएकाले उद्देश्यअनुरूप नै शिक्षण सञ्चालन गर्न सहयोग पुग्ने कुरामा सन्देह देखिँदैन ।

## सहपाठी कक्षा अवलोकन

सहपाठी कक्षा अवलोकनबाट छात्रशिक्षकहरूले अवलोकित कक्षा प्रभावकारिता सम्बन्धमा राखिएको जिज्ञासामा शिक्षकहरूबाट छात्रशिक्षकमा आलोचनात्मक दृष्टिकोण विकास हुने अवसर प्राप्त हुनुका साथै आफ्नो शिक्षणका कमीकमजोरी हटाई योजना तथा सामग्री निर्माण र प्रस्तुतीकरणमा प्रभावकारिता ल्याउने अवसर प्राप्त हुने प्रतिक्रिया पाइन्छ । त्यस्तै, सहपाठी कक्षा अवलोकनबाट सहपाठीहरूका बिच शिक्षण सिप तथा अनुभवको आदानप्रदानका साथै आवश्यक पृष्ठपोषण प्राप्त हुने उनीहरूले जनाएका छन् । सहपाठीहरूका सबल र दुर्बल पक्षको अवलोकन गरी आफूमा पनि त्यस्ता पक्षप्रति सचेत रहन सहयोग पुग्ने कुरा शिक्षकहरूले उल्लेख गरेका छन् । त्यस्तै, छात्रशिक्षकलाई आत्ममूल्याङ्कन गर्न र कुशल शिक्षकका रूपमा स्थापित हुन मद्दत पुग्ने अनि यो पाठ्यांश छात्रशिक्षकमा विषयवस्तुको गहिराइ, पाठको पूर्णता, योजनाबद्ध शिक्षण आदिका लागि सहयोग पुऱ्याउने खालको रहेको शिक्षकहरूको मत पाइन्छ । यस पाठ्यांशबाट सहपाठी कक्षा अवलोकनपछि एकअर्काको शिक्षण र त्यसमा गरिने मूल्याङ्कनको तालमेलबारे अवगत भई सुधार गर्न, कक्षा सहभागितामा वृद्धि गर्न, मूल्याङ्कनीय पक्षको पहिचान, सही मूल्याङ्कन गर्ने क्षमता विकास गर्न, टिप्पणी गर्ने शैली, सिप तथा वस्तुपरक निर्णय लिन/दिन सक्ने सिप विकास गराउन पनि पाठ्यांश प्रभावकारी रहेको प्रतिक्रिया शिक्षकहरूबाट प्राप्त भएको छ । त्यस्तै, शिक्षणपश्चात् तुरुन्तै पृष्ठपोषण प्रदान एवम् नमुना कक्षा शिक्षण गरेर कक्षा शिक्षण र मूल्याङ्कनमा प्रभावकारिता ल्याउन सकिनेमा शिक्षकहरूको विश्वास रहेको देखिन्छ । यसरी उनीहरूले सालाखाला रूपमा यस पाठ्यांशमा सामेल हुने छात्रशिक्षकहरूले आफ्ना साथी र सुपरिवेक्षकको साथमा रहेर सिक्ने सिकाउने र आफूमा अझ निखारता ल्याउने पर्याप्त अवसर प्राप्त गर्ने कुरामा पूर्णतः सहमति जनाएका छन् । यी र यस्ता तथ्यहरूबाट शिक्षकहरूका दृष्टिमा विश्लेष्य पाठ्यांशको अर्को सबल पक्ष सहपाठी शिक्षणमा केन्द्रित रहनु हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## प्रश्न निर्माण, उपयोग र विश्लेषण

शिक्षण अभ्यास पाठ्यांश पूरा गरेपछि छात्रशिक्षकको प्रश्न निर्माण, तिनको विश्लेषण र उपयोगमा आउने व्यावहारिक परिवर्तनको अपेक्षा सम्बन्धमा शिक्षकहरूको सकारात्मक दृष्टिकोण पाइएको छ । त्यस्तै, छात्रशिक्षकले परीक्षाका बारेमा सम्पूर्ण ज्ञान हासिल गर्नुका साथै प्रश्नपत्रका बाह्य तथा आन्तरिक गुणहरू पहिचान गरी उपयुक्त ढङ्गले

प्रश्नपत्र निर्माण गर्न तथा प्रश्नपत्रको वैधता, विश्वसनीयता, व्यावहारिकता र विभेदकारिता निर्धारण गर्न आफूलाई सक्षम बनाउने तथ्य उनीहरूले उजागर गरेका छन् । यसबाहेक यो पाठ्यांशबाट छात्रशिक्षकमा आवश्यकताअनुसार विभिन्न प्रकारका प्रश्न निर्माण, निर्धारित पाठ्यांशका उद्देश्य र विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरूको निर्माण, उत्तरपुस्तिका परीक्षण जस्ता कार्यमा सक्षम बनाउन सहयोग पुग्ने उनीहरूको अपेक्षा छ । अझ उनीहरूले यसबाट प्रश्न निर्माणको साझा अवधारणा विकास हुनुका साथै छात्रशिक्षककहरूमा पेसँगत दक्षता विकास भई भविष्यमा कुशल परीक्षक बन्नमा सहयोग पुग्ने महसुस गरेका छन् । त्यस्तै, उनीहरूले छात्रशिक्षकमा शिक्षाशास्त्रीय मर्म अनुरूपका वस्तुगत र विषयगत प्रश्नहरू निर्माण र कार्यान्वयन सिप विकासका साथै सक्रिय सहभागिता बढ्ने र प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने प्रतिक्रियाहरू दिएका छन् । यसरी शिक्षककहरूले शिक्षण अभ्यासमा प्रश्न निर्माण, विश्लेषण, उपयोग पक्ष समावेश गर्दा भाषिक मूल्याङ्कनका क्षेत्रमा अपरिहार्य हुने यससम्बन्धी पर्याप्त ज्ञान र प्रयोगात्मक सिप हासिल हुने सम्भावना देखेका छन् । शिक्षक प्रतिक्रियाका आधारमा विषयगत र वस्तुगत दुबै प्रश्न निर्माण, तिनको उपयोग र विश्लेषणका दृष्टिले पनि पाठ्यांश प्रभावकारी रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

## कार्यमूलक अनुसन्धान र यसको प्रभावकारिता

शिक्षक प्रतिक्रियाका आधारमा प्रस्तुत पाठ्यांशमा समावेश गरिएको कार्यमूलक अनुसन्धानसम्बन्धी विषयवस्तुहरूबाट छात्रशिक्षककहरूले कक्षा शिक्षणका वास्तविक समस्या पहिचान गरी तिनको समाधान गर्दै भाषा सिकाइमा सकारात्मक परिवर्तन ल्याउन समर्थ हुँदै जाने कुरामा विश्वास गर्न सकिन्छ । त्यस्तै, यसबाट कक्षा शिक्षणका समस्याहरूको सूक्ष्म रूपले अध्ययन गरी समाधान खोज्न सहयोग पुग्ने भएकाले छात्रशिक्षककहरूमा शिक्षणसम्बन्धी व्यावहारिक परिवर्तन ल्याउन सकिने शिक्षककहरूको अपेक्षा छ । यस अतिरिक्त यस्तो अनुसन्धानले कक्षा शिक्षणलााई अनुसन्धानमूलक बनाउन र समस्याको तत्काल पहिचान गरी निष्कर्षमा पुग्न सकिने हुनाले शिक्षणमा तत्काल सुधार सम्भव हुने उनीहरूको विचार छ । शिक्षककहरूका विचारमा कार्यमूलक अनुसन्धानबाट प्राप्त परिणामहरू कक्षा शिक्षणमा विद्यार्थीको क्रियाशीलता र कार्यकलापमा विविधता ल्याउन र छात्रशिक्षककहरूलाई भावी खोज तथा अनुसन्धान कार्यका लागि पर्याप्त सुझ प्रदान गर्न पनि सहायक सिद्ध हुने देखिन्छ । त्यस्तै, शिक्षकमा निरन्तर मूल्याङ्कन तथा सुधारको अनुसन्धानात्मक अभ्यास हुने अपेक्षा पनि यस

अध्ययनका सहभागी शिक्षकहरूले गरेका छन् । पचास प्रतिशतभन्दा कम शिक्षकले यो अवधारणा प्रशिक्षार्थी शिक्षकलाई भन्दा कार्यरत शिक्षकलाई बढी उपयोगी हुने बताएका कुराले पनि कार्यमूलक अनुसन्धानको महत्त्व भावी शिक्षक र कार्यरत शिक्षक दुबैका लागि उत्तिकै रहेको देखिन्छ । त्यस्तै, उनीहरूले यसलाई अन्य सन्दर्भमा उपयोगी भए पनि अभ्यास शिक्षणकै क्रममा राखिनु चाहिँ बोझिलो हुन सक्ने तर्क पनि गरेका छन् । साथै शिक्षण अभ्यास छात्रशिक्षकहरूको आभ्यासिक चरण भएकाले कार्यमूलक अनुसन्धान गर्दा काम गर्दै सिक्ने, तदनुरूप लागु गर्दै जाने, कमीकमजोरी हटाउँदै पुनः परिमार्जित हुँदै विद्यार्थी केन्द्रित सिकाइप्रति प्रवृत्त हुनका लागि यो पाठ्यांश बोझिलो भन्दा पनि उपयोगी नै रहने कुरामा शिक्षकहरूले सन्देह राखेका छैनन् । त्यस्तै, यस प्रकारका अनुसन्धानलाई सामान्य तरिकाले शिक्षकबाट नै सम्पन्न गर्न सकिने अनि कमी कमजोरी पहिचान र सुधार गरी अगाडि बढ्न सकिने हुनाले यसलाई शिक्षणकै अभिन्न अङ्गका रूपमा अगाडि बढाउनु सर्वथा व्यावहारिक र उपयुक्त देखिने कुरामा शिक्षकहरू सकारात्मक छन् ।

## शिक्षण अभ्यास कार्यक्रमका सम्भावित चुनौती

शिक्षण अभ्यास पाठ्यांशको कार्यान्वयनका सन्दर्भमा शिक्षकले भोगेका चुनौती तथा सुधारका सम्भावनाबारे राखिएको जिज्ञासाका सम्बन्धमा ७० प्रतिशत शिक्षकहरूले विद्यार्थीको रुचिपूर्ण सहभागिताको अभाव, कक्षा अनियमितता, अनावश्यक समस्या सिर्जना गर्नु अनि कार्यबाट पन्छिन सिर्जना गरिने भनसुन तथा विभिन्न खालका दबाब जस्ता चुनौतीहरू भोग्नुपरेको उल्लेख गरेका छन् । त्यस्तै, शिक्षण अभ्यास अवधिभर शिक्षण अनियमितताको समस्या समाधानका लागि कडाइका साथ नियमको पालना गराउने कार्यमा प्रशासन तथा आन्तरिक र बाह्य परीक्षकहरूको भूमिका रहने दृष्टिकोण शिक्षकहरूको छ । प्रयोगात्मक परीक्षा भएकाले अनियमित रहने तथा तोकिएको काम जिम्मेवारीपूर्वक सम्पन्न नगर्ने छात्रशिक्षकलाई अनुत्तीर्ण बनाइदिँदा यस्तो प्रवृत्ति निरुत्साहित हुँदै जाने धारणा अध्ययनमा सहभागी शिक्षकहरूमा रहेको देखिन्छ । उनीहरूका अनुसार शिक्षण अभ्यासलाई विगतमा झैँ नै सामान्य औपचारिकतामा सीमित हुनसक्ने कुरा पनि चुनौतीको रूपमा देखिन्छ । त्यस्तै, शिक्षकहरूले छात्रशिक्षकमा अभ्यास शिक्षण कार्यक्रमको महत्त्व बोधमा कमी अनि सिकाइ सचेतताको अभाव अर्को चुनौतीका रूपमा रहेको प्रतिक्रिया दिएका छन् । अध्यापन अभ्यासका लागि बनाइने पाठ योजना, शैक्षिक सामग्री, प्रतिवेदन लेखन आदिका नमुनाहरू तथा तिनका सम्बन्धमा

विशेषज्ञहरूको दृष्टिकोणमा पनि एकरूपताको अभाव देखिएकाले साझा अवधारणा तयार पारेर नमुना सामग्रीहरू उपलब्ध गराउनुपर्ने अर्को चुनौती रहेको उनीहरूको प्रतिक्रिया छ । त्यस्तै, परीक्षक र छात्रशिक्षकबिचको हाइहेलोको प्रभावबाट सिर्जित समस्यासमेत कम गर्नुपर्ने उनीहरूले बताएका छन् । उनीहरूका विचारमा विद्यार्थीले कक्षाकोठाबाट हासिल गरेको सिद्धान्तमा आधारित ज्ञानलाई प्रायोगिक र व्यावहारिक रूपमा उतार्न पर्याप्त मात्रामा साधन स्रोतको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यस्तै, छात्रशिक्षकहरूमा उनीहरूले सिकेको ज्ञानलाई व्यवहारमा उतार्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ । उनीहरूको अनुभवमा परीक्षक, सहयोगी विद्यालय, प्रशासनिक निकाय आदिजस्ता सरोकारवालाहरूको झारा टार्ने प्रवृत्तिले पनि यस क्षेत्रमा समस्या खडा गरेको छ । शिक्षण अभ्यासका चुनौती सम्बन्धमा बाँकी ३० प्रतिशत शिक्षकहरूले भने यो पाठ्यांश कार्यान्वयनमा आउने चरणमा रहेकाले अहिले नै शङ्का उपशङ्का गर्न नहुने धारणा राखेका छन् ।

प्रतिक्रियामा सहभागी शिक्षकहरूले शिक्षण अभ्यासका चुनौतीहरू हटाई यसलाई प्रभावकारी बनाउनका लागि सम्बद्ध सबै पक्ष अग्रसर हुनुपर्ने, शिक्षण अभ्यासलाई औपचारिकतामा मात्र सीमित बनाउने विगतको प्रवृत्तिलाई परिवर्तन गरी यसको औचित्य र आवश्यकता मनन समेत मनन गरेर परिणाममुखी क्रियाकलाप अगाडि बढाउनुपर्ने जस्ता राय प्रकट गरेका छन् । साथै यसलाई केवल प्रक्रिया पुऱ्याउने कार्य मानी कार्यान्वयनमा हेलचेक्र्याइँ गर्ने बानी त्यागेर जिम्मेवारीपूर्वक सबैले आआफ्ना कर्तव्यलाई गम्भीरता साथ पूरा गरे मात्र यसको समाधान हुन सक्ने उनीहरूको दृष्टिकोण पाइन्छ । त्यस्तै, शिक्षकहरूका विचारमा सरोकारवाला शिक्षक, विद्यार्थी, प्रशासन, अरू सङ्काय, सहयोगी विद्यालय र समाजको समेत यसप्रति नकारात्मक धारणा पाइएकाले पनि नियमानुसार काम हुन्छ भन्ने विश्वास दिलाउने गरी यसको कार्यान्वयन गर्नु, गराउनुपर्ने देखिन्छ । आधिकारिक निकायबाट पनि यस कार्यक्रमको मर्म र महत्त्व बुझेर यसको प्रभावकारी कार्यान्वयनमा देखिने बाधा अडचनप्रति शून्य सहिष्णुताको नीति अवलम्बन गर्नुपर्ने उनीहरूको धारणा छ । यसरी शिक्षकहरूका मतमा यस पाठ्यांशको कार्यान्वयन सरोकारवाला सबै व्यक्ति तथा निकायसजग रहनुपर्ने देखिन्छ ।

## शिक्षण अभ्यास प्रभावकारी बनाउने उपाय

अभ्यास शिक्षण कार्यकलापलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने उपायहरूका सम्बन्धमा शिक्षकहरूले हरेक क्याम्पस र सरोकारवाला व्यक्ति तथा निकायले इमान्दारिताका साथ कार्य सम्पादन गर्नमा विशेष ध्यान दिनुपर्ने बताएका छन् । त्यसका

लागि आवश्यक पर्ने साधन स्रोतको व्यवस्थाका साथै पुरस्कार र दण्डको व्यवस्थासमेत मिलाउनुपर्ने धारणा उनीहरूले राखेका छन् । पचास प्रतिशत शिक्षकहरूले यस कार्यक्रममा सुधार ल्याउनका लागि यसलाई अझ प्रयोगात्मक बनाउँदै निश्चित समयका लागि वास्तविक शिक्षणको अनुभव गराउन क्याम्पस वा विद्यालयमा नै खटाउनुपर्ने तर्क गरेका छन् भने अरू ५० प्रतिशत शिक्षकले भने शिक्षाशास्त्र अध्ययन गरेका यस्ता छात्रशिक्षकहरूलाई स्वयम्सेवक शिक्षकका रूपमा एक वर्ष शिक्षण सेवा गर्ने अवसर प्रदान गर्दा विद्यालय शिक्षणमा समेत सुधार ल्याउन सकिने तर्क गरेका छन् । यस पक्षमा ध्यान दिन सकेमा सरकारले सेवाकालीन तालिममा ठुलो धनराशी खर्च गर्न समेत नपर्ने देखिन्छ । यस सन्दर्भमा कतिपय शिक्षकले भने मौजुदा व्यवस्था नै पर्याप्त भएको थप धारणा राखेका छन् । विगतका पाठ्यांशमा भन्दा यस पाठ्यांशमा आन्तरिक र बाह्य सुपरिवेक्षकहरूको क्षेत्राधिकार अझ स्पष्ट भएकाले यसको सफल कार्यान्वयनमा मात्र ध्यान दिँदा पर्याप्त हुने उनीहरू बताउँछन् । त्यस्तै, उनीहरूको विचारमा भने सङ्गठनात्मक व्यवस्थापनको एकरूपता पनि आवश्यक रहेको देखिन्छ । समग्रमा शिक्षण विधि, क्रियाकलाप, पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा समेत आवश्यक सुधार गरी तदनुरूप अगाडि बढे मात्र यस कार्यक्रममा प्रभावकारिता ल्याउन सकिन्छ ।

शिक्षकहरूका बिचमा समय समयमा प्राज्ञिक छलफल, अन्तरक्रिया, गोष्ठी, प्रबोधीकरण कार्यक्रमहरूका साथै प्रयोगात्मक र कार्यशालाहरूको आयोजना गर्दा फलदायी हुने अनि यसबाट शिक्षकहरूमा रहेका अस्पष्टता हट्न गई शिक्षणमा एकरूपता पनि ल्याउन सकिने प्रतिक्रिया शिक्षकहरूबाट प्राप्त भएको छ ।

यसरी समग्रमा हेर्दा सम्पूर्ण शिक्षकहरूको अध्यापन अभ्यासप्रति सकारात्मक धारणा रहेकाले यस्तो कार्यक्रममा सुधारका लागि उनीहरूले सुझाएअनुसार समय समयमा अभिमुखीकरण कार्यशाला सञ्चालन गर्नुका साथै निरन्तर अनुगमनको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यसका लागि सरोकारवाला व्यक्ति तथा सम्बन्धित निकायको दृढ इच्छाशक्ति भने जरुरी देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत परिवर्तित शिक्षण अभ्यास पाठ्यांश विगतका तुलनामा प्रभावकारी रहेको भन्ने सन्दर्भमा ९० प्रतिशत शिक्षकहरूको सकारात्मक दृष्टिकोण रहेको देखिन्छ । उनीहरूका दृष्टिमा विगतका पाठ्यांशका तुलनामा वर्तमान पाठ्यांश बढी व्यावहारिक र कार्यकलापमुखी रहेको देखिन्छ । सहपाठी शिक्षणमा जोड दिने र सुपरिवेक्षकको

उपस्थितिमा दैनिक नियमित रूपमा सञ्चालन हुनु यस पाठ्यांशको सबल पक्ष हो । यो पाठ्यांशमा शिक्षण अभ्यासलाई कक्षा शिक्षणमा आधारित तथा 'गरेर सिक्ने' पर्याप्त सम्भावना रहेकाले यसको प्रभावकारी कार्यान्वयनबाट छात्र शिक्षकको शिक्षण कलामा अझ बढी निखार ल्याउन सकिने सम्भावना देखिन्छ । त्यस्तै, यस पाठ्यांशमा योजना निर्माण, शिक्षण विधि तथा कार्यकलाप, शैक्षिक सामग्री निर्माण र प्रयोग, प्रश्न निर्माण तथा मूल्याङ्कन जस्ता महत्त्वपूर्ण पक्षहरू समावेश गरिएकाले यो आफैँमा पूर्ण र पर्याप्त तथा छात्रशिक्षकको शिक्षणीय दक्षता अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने खालको देखिन्छ । अझ छात्रशिक्षकले सहपाठीहरूका बिचबाटै आफ्ना कमजोरीहरू सुधार गर्न पर्याप्त अवसर प्राप्त गर्ने हुँदा आफूलाई कुशल शिक्षकको रूपमा स्थापित गर्न यस पाठ्यांशबाट पर्याप्त सहयोग पुग्ने देखिन्छ । समग्रमा भन्नुपर्दा प्रस्तुत पाठ्यांश अपेक्षा अनुरूप कार्यान्वयन गर्न सकिएमा यसले शिक्षकहरूमा व्यावहारिक दक्षता अभिवृद्धि गर्न सफल हुने निष्कर्ष निकाल्न सकिन्छ ।

## उन्नयनका उपाय

शिक्षकहरूका दृष्टिमा यस पाठ्यांशका सबल पक्षहरू रहँदारहँदै पनि यसको सफल कार्यान्वयनमा शङ्का व्यक्त गरेकाले उक्त पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै, सम्बन्धित क्याम्पस, विभाग, विषय शिक्षकहरूमा दृढ इच्छाशक्तिका साथै विद्यार्थीहरूमा यसलाई बोझका रूपमा नभई उपाधि परिपूर्ति र शिक्षणको पूर्वावश्यकताको रूपमा स्वीकार्न सकेमा मात्र यो कार्यक्रम प्रभावकारी हुने देखिन्छ । शिक्षण अभ्यास कार्यक्रममा विद्यार्थीको पूर्ण सहभागिताको अभाव रहनु, कक्षामा अनियमितता तथा बेवास्ता आदि समस्या सिर्जना गर्ने अनि विभिन्न खालका दबाब सिर्जना गर्ने जस्ता कार्यान्वयनका चुनौतीहरू रहेकाले यसको समाधानका लागि अभ्यास शिक्षणका नियमहरूको परिपालनमा कडाइ गर्नुपर्ने हुन्छ । शिक्षण अभ्यास एक प्रकारको प्रयोगात्मक परीक्षा भएकाले यसका आवश्यकता पूरा गरेका आधारमा मात्र छात्रशिक्षकको मूल्याङ्कन गर्ने गरिएमा हेलचक्र्याइँ गर्ने प्रवृत्ति स्वतः निरुत्साहित हुँदै जाने देखिन्छ । अध्यापन अभ्यासका लागि उपयोग गरिने सामग्रीमा एकरूपताको अभाव देखिएकाले त्यसको समाधानका लागि साझा अवधारणा तयार पारेर नमुना सामग्रीहरू उपलब्ध गराउनुपर्ने देखिन्छ । त्यस्तै, अभ्यास शिक्षणलाई सैद्धान्तिक विषय सरह नै उच्च महत्त्व दिई समय समयमा प्राज्ञिक छलफल, अन्तरक्रिया तथा प्रबोधीकरण, अवलोकन आदि कार्यक्रमहरूको

आयोजना गर्दा अझ फलदायी हुने अनि यसबाट शिक्षकहरूमा रहेका अस्पष्टताहरू हटेर जान सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


घिमिरे, दिनेश (२०७६ जेठ ११-१६), *अध्यापन अभ्यास पाठ्यांश (शि. ५४२) परिचय,* त्रि.वि. शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयद्वारा आयोजित अध्यापन अभ्यास बाह्य परीक्षण मूल्याङ्कन विशेषज्ञ सूचीकरण कार्यक्रममा प्रस्तुत कार्यपत्र, काठमाडौँ शिक्षा बहुमुखी क्याम्पस, सतुङ्गल ।

ढकाल, माधवप्रसाद (२०६८), *अभ्यास शिक्षण : अवधारणा र अभ्यास,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०५३), *अध्यापन अभ्यास परिचय,* काठमाडौँ : एकता बुक्स ।

भण्डारी, पारसमणि, लम्साल, रामचन्द्र, आचार्य, सुषमा, पोखरेल, केशवराज, लामिछाने, यादवप्रकाश (२०६८), *अभ्यास शिक्षणसँग सम्बन्धित मूल्याङ्कन निर्देशिका,* शिक्षाशास्त्र सङ्काय डीन कार्यालयद्वारा आयोजित अभ्यास शिक्षण विषयक कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

डीनको कार्यालय (२०७५), *बी.एड. तहको शिक्षण अभ्यास पाठ्यांश निर्देशिका,* शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

डीनको कार्यालय (२०७६), *अध्यापन अभ्यास (शि. ५४२),* शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

Cohen, Louis, Manion, Lawrence, Morrison, Keith & Wyse, Dominic (2010). *A Guide to Teaching Practice.* (5th. Ed.). London: Routledge.

Faculty of Education (2018-19). Teaching Practice Guideline. The University of Hong Kong.

Fry, Heather, Ketteridge, Steve & Marshall, Stephanie (2009). A Handbook for Teaching Learning in Higher Education. (3rd. Ed.). New York: Routledge.

Gower, Roger, Phillips, Diane & Walters, Steve (N.D.). Teaching Practice Handbook. MacMillan.

Richards, Jack C. & Farrell, Thomas Sylvester Charles (2011). Practice Teaching : A Reflective Apporach. New Delhi : Cambridge University Press.

School of Education (2014). Teaching Practice Handbook. University of Cape Town.